पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : १४ २०६७ कार्तिक १२ गते शुक्रबार (Oct. 29, 2010) मूल्य रू. ५/-

## सुरक्षा निकायमा रासन भ्रष्टाचार

काठमाडौं / नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका सबै निकायमा रासनको ठेक्का दिंदा ठेकेदारसँग मिलेमतो गरेर करोडौं करोड भ्रष्टाचार हुने गरेको अनुसन्धानबाट खुलेको छ । ठेकेदारसँग मिलेमतो गर्ने र ठेक्का दिने गर्दा भ्रष्टाचार भएको सतर्कता केन्द्रले समेत पुष्टि गरेको छ । यो खबरसँगै मिलेमतो र भ्रष्टाचारको छानविन हुने भएको छ ।

राष्ट्रको सुरक्षाको जिम्मेवारी लिएको निकायभित्र देखिएका यस्ता गम्भीर प्रकृतिका भ्रष्टाचार प्रकरणले विधिको शासन र देशको सुरक्षामासमेत असर पर्ने खतरा देखिएको छ । देशको सुरक्षा गर्ने अङ्गमा नै मिलेमतो र व्यापक भ्रष्टाचार हुन्छ भने अन्य निकायमा भ्रष्टाचार भयो भन्नु कुनै ठूलो कुरा होइन । अत्यन्त स्वस्थ र पारदर्शी रुमपा जनताको आस्था र भरोसाको रुपमा रहनु पर्ने चारै सुरक्षा निकायमा भएका भ्रष्टाचारको भण्डाफोर (बाँकी अन्तिम पेजमा)

# दिल्लीमा नेपालको पोष्टमार्टम

काठमाडौं / मंसीर २ गते दिल्लीमा नेपालको पोष्टमार्टम हुँदैछ । विवेकानन्द इन्टरनेशनलको व्यानरमा



गरिने यो पोष्टमार्टमका लागि भारतले माओवादीदेखि वविता बस्नेतसम्मलाई भत्ता र सुविधासहितको विशेष निम्तो पठाएको छ । अर्थ, राजनीति, सैन्य र समाजविद्लाई बोलाएर गरिने यो विशेष छलफलको निचोड पछि भारतले नेपाल नीतिमा परिमार्जन गर्नेछ र आफ्नो खुस्कँदै गरेको पकडलाई अझ मझबुत पार्ने छ ।

विश्वस्त सुत्रका अनुसार रुक्माङ्गद कट्वाल, वविता बस्नेत, डा.बाबुराम भट्टराई, केपी ओली, कमल थापा, हरि शर्मा, कृष्णबहादुर महरा, डा.विश्वम्भर प्याकुरेल, सुजिन्द्र शर्मा, अनिलकुमार झा, प्रशान्त झा, डा. लोकराज बराल, डा. शान्ता थपलिया, युवराज घिमिरेलाई निम्तो



पुगिसकेको छ । अझै एक दर्जनलाई निम्तो दिने तयारी गरिँदैछ ।

यस्तो अन्तर्क्रिया किन ? भन्ने सवालमा भारतविद् एक विद्वानले भने, नेपालको मामिलामा भारतले प्रत्यक्ष सरोकार राख्न थालेको छ, भारतमा बढ्दो माओवादी र अन्य आतकंकारी घटनालाई निस्तेज पार्न नेपालमा बढ्दो अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरू भन्दा आफुलाई मझबुत पार्न पनि भारतले नेपालको समष्ठि क्षेत्रबारे ठोस जानकारी लिन यो अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको हुनसक्छ ।

केही हप्ता अघि मात्र नेपालमा भारतीय माओवादीलाई तालिम दिइएको र लस्करे तोयवा-माओवादी सम्बन्ध रहेको समचार छाप्नु भारतको नेपालमा सैनिक हस्तक्षेप गर्ने मनसायबाट प्रेरित छ भन्ने तर्क केही विश्लेषकहरूको छ । भारत नेपालबाट अनमिनलाई लघार्ने र राष्ट्रसंघको सैनिक मिशनलाई

(बाँकी अन्तिम पेजमा)

## माओवादीको सैन्य टोली काण्ड चर्क्यो

काठमाडौं / असोज २८ चीन गएर कात्तिक ४ गते फर्केको माओवादी सैन्य टोली काण्डले सरकार र माओवादीबीच विश्वासको संकट खडा गरिदिएको छ । माओवादी सैन्य कमाण्डर वर्षमान पुन, डेपुटी कमाण्डर जनार्दन शर्मा, लडाकू प्रवक्ता चन्द्रप्रकाश खनाल, डिभिजन कमाण्डर सुकबहादुर रोका, तेजबहादुर ओली, महेन्द्रबहादुर शाहीलगायतका १० जना ल्हासा हुँदै बेइजिङसम्म पुगेका थिए र उनीहरूलाई चिनियाँ जनमुक्ति सेनाले प्रशिक्षण दिंदै छलफल समेत गरेको थियो । तर एमाओवादीले भने लडाकूहरू निजी भ्रमणमा गएको बताएको छ । प्रम माधवकुमार नेपालले कसलाई सोधेर गएको ? यसबारे अनमिनसँग पनि सोधिने बताएपछि वर्षमान पुनले अनमिनलाई सोधेर गएको, विदा लिएर विदेश जाउन कि ससुराली ? सरकारलाई के को मतलब भनेर ओठे जवाफ दिएका छन् । यसैबीच चीनमा भइरहेको एक्स्पोमा समेत सैन्य कमाण्डरहरू नगएको खुलासा भएपछि उनीहरू राजनीतिक मिशनकै लागि चीन गएको र चीनले उनीहरूलाई निम्ताएको स्पष्ट भएको छ । स्मरणीय छ, लडाकू विशेष समितिमा रहेको भए पनि व्यवहारमा माओवादीकै नियन्त्रणमा रहेका छन् ।

# तीन दलको तिक्तताले मुलुक ध्वस्त

**अभियान संवाददाता**

काठमाडौं / माधवकुमार नेपालले राजीनामा दिएपछि प्रत्येक आर्थिक वर्षको शुरुमा ल्याउने सरकारी कार्यक्रम र आर्थिक बजेटसमेत प्रभावित भएको छ । प्रधानमन्त्रीले राजीनामा दिएको चार महिनासम्ममा पनि दलहरू प्रधानमन्त्री चुन्न असफल सावित भएपछि विकास निर्माण लगायतका सबै कार्यहरू ठप्प भएपछि अबको आठ महिनामा कुनै पनि विकास निर्माणका नयाँ कार्य नआउने भएका छन् । त्यसैक्रममा काम चलाउ सरकारका प्रधानमन्त्रीले व्यवस्थापिका संसदका सभामुखलाई बजेट पेश गर्नका लागि संसदमा समय मिलाई दिन अनुरोध गरेपनि सभामुख सुभाष नेम्वाङले त्यसलाई ठाडै अस्वीकार गर्दै पहिला राजनैतिक समास्या समाधान गर्न प्रधानमन्त्रीलाई आग्रह गरेपछि प्रधानमन्त्री र सभामुख बीचको सम्बन्ध पनि चिसिएको छ ।

व्यवस्थापिका संसदले आजसम्ममा चौधपटक प्रधानमन्त्रीका लागि चुनाव गराइसकेको भएपनि दलहरू बीच सहमति नभएको हुनाले प्रधानमन्त्री चुन्न व्यवस्थापिका संसद असफल भएको छ । संविधानसभामा उपस्थित भएका २७ दलहरू मध्येका तीन ठूला दलहरूको अकर्मण्यता र नालायकीपनका कारण मुलुक असफल राष्ट्र तर्फ उन्मूख हुँदासम्म तीन ठूला दलहरू एकै ठाउँमा आउन नसक्नु वा आउन नचाहनु दलहरूको जनताप्रतिको ठाडो बेइमानी हो । व्यवस्थापिका संसदमा एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले सातौं पटकसम्म प्रधानमन्त्री बन्नको लागि भाग लिएपनि प्रधानमन्त्री बन्न अनेक हथकण्डा अपनाउँदा समेत असफल भएपछि आठौं पटकको प्रधानमन्त्रीको चुनावदेखि उनको पार्टीले चुनाव वहिष्कार गरेको हुनाले अहिले नेपाली कांग्रेसका उम्मेदवार मात्र

(बाँकी अन्तिम पेजमा)

# नेपाल विश्वकै भ्रष्टचारी मुलुक

**अभियान संवाददाता**

काठमाडौं / ट्रान्सफरेन्सी इन्टरनेशनलले हालै सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांक २०१० ले नेपाललाई भ्रष्टाचार व्यापक हुने मुलुकमा सूचिकृत गरेको छ । गत वर्ष भ्रष्टाचारमा १ सया ४३ औं स्थानमा रहेको नेपाल यसपाली एक सय ४६ औं स्थानमा पुगेको छ । यस वर्ष नेपालले भ्रष्टाचारको स्थितिमा पूर्णाङ्क १० रहेकोमा जम्मा २.२ अङ्क मात्र पाउन सकेको छ । सूचकांकले नेपालमा भ्रष्टाचारको अवस्था चिन्ताजनक रहेको उल्लेख गरेको छ । कूल पूर्णाङ्क १० रहेकोमा न्यूनतम ३ अङ्क नपाउने मुलुकहरू भ्रष्टाचार व्याप्त मुलुक मानिन्छन् । १ सय ७ वटा मुलुकमा गरिएको सर्वेक्षणमा सोमालिया विश्वका सबै मुलुकहरू मध्ये बढी भ्रष्टाचार हुने मुलुक भएको छ । उसले १.४ अंक मात्र पाएको छ । दक्षिण एसियाली मुलुकहरूमा बंगलादेश र पाकिस्तान पनि भ्रष्टाचार बढी मुलुकमा परेका छन् । यी मुलुकले पनि ३ भन्दा कम अङ्क प्राप्त गरेका छन् । त्यस्तै एसियाकै अफगानस्तान र म्यानमारा पनि बढी भ्रष्टाचार हुने मुलुकमा गनिएको भए पनि एसियाकै अर्को मुलुक भुटान

(बाँकी अन्तिम पेजमा)

# बजेटले थप समस्या निम्त्यायो

काठमाडौं / कात्तिक १५ गते बजेट ल्याउने प्रस्ताव गर्दा अर्थमन्त्रीको प्रस्तावलाई सभामुखले फिर्ता गरिदिएका छन् । गत मंगलबार अर्थमन्त्रीले कात्तिक मसान्तसम्ममा बजेट नआउने हो भने आर्थिक संकट पर्छ, आर्थिक कारोबार ठप्प हुन्छ भन्ने स्वेत पत्र सभामुखलाई पठाएका छन् ।

सभामुखले झैं एमाले अध्यक्षले पनि पहिले मओवादीसँग सहमति हुनुपर्ने कुरा गरेका छन् । माओवादी प्रधानमन्त्री पाए सहमति गर्ने नत्र नगर्ने मुडमा छ । राजनीतिक सहमति नहुने र काम चलाउ सरकारले (बाँकी अन्तिम पेजमा)

# अपहरणकारी र हत्यारालाई फाँसीको माग

काठमाडौं / नेपालगञ्जका दुई विद्यार्थीको अपहरण पछि हत्या भयो । सिराहमा चार वर्षका बालक खरबुद मियाँ अपहरणमा परे । लाहानमा गौरव चौधरीको अपहरण गरियो । चितवनका डाक्टरदेखि राजधानीका व्यापारी र धनाढ्यहरूका सन्तान बेला-बेलामा अपहरणमा पर्न गरका छन् । अपहरणमा पर्ने कति बाँचेर छुट्छन, कतिको हत्या हुन्छ । अपहरण गरेर फिरौती असुल्ने धन्दा निकै फस्टाएको छ । विगत ४ वर्षमा यो धन्दा निकै फस्टाएको छ । विगत ४ वर्षमा झण्डै चार सय अपहरणका घटना प्रहरीमा दर्ता भएका छन् । यतिखेर रुकुम, रोल्पा,

(बाँकी अन्तिम पेजमा)

# मनोकामना केवलकार पनि लुटकै बाटोमा

काठमाडौं / मुलुकका अधिकांश जनता अन्धकारमा बस्नु पर्ने बाध्यता भएको बेला देशका उद्योगधन्दाहरूले भने प्रति युनिट ४ रुपैयाँमा बत्ती खपत गरी उद्योगपतिहरूले अरबौं अरब फाइदा कमाई रहेका छन् । त्यसको पछिल्लो प्रमाण हो, मनकामना केवलकार । मनकामना केवलकार दर्शन प्रा.लि.ले आजका मितिसम्ममा पनि प्रतियुनिट ४ रुपैयाँ मात्र भुक्तानी गरेर नेपाल विद्युत प्राधिकरणलाई वार्षिक करोडौं करोड घाटा पुऱ्याइरहाँदा समेत न त विद्युत प्राधिकरण प्रशासनले त्यसतर्फ कारबाही अगाडि बढाउन सकेको छ, न त सरकारले नै ।

मुलुकको एकमात्र केवलकारले छोटो समयमै अरबौं अरब फाइदा कमाइसकेको छ । सरकारका केही उच्चतहका व्यक्तिहरूको मिलेमतोमा मनकामना केवलकारलाई यातायात क्षेत्रमा राखेर प्रतियुनिट ४ रुपैयाँका दरले विद्युतको रकम असुल उपर गरिरहेका छन् । जबकि केवलकार यातायात क्षेत्रमा नपर्ने भएर व्यापारीक क्षेत्रमा पर्दछ । यातायत क्षेत्रमा पर्ने भए उसले यातायात क्षेत्रको सुविधा लिन पाउँथ्यो र उसले व्यापारीक क्षेत्रमा प्रवेश गर्न पाउने नै थिएन । तर मनोकामना केवलकार फाइदा खाने प्रमुख उद्देश्य राखेर निर्माण गरिएको शुद्ध व्यापारीक क्षेत्र हो । नेपाल विद्युत प्राधिकरणका केही भ्रष्ट कर्मचारीहरूलाई हातमा लिएर मनोकामना केवलकार सञ्चालक लक्ष्मणबाबु श्रेष्ठले केवलकारलाई यातायात क्षेत्रमा राख्न सफल भएका छन् । हालसम्म निज श्रेष्ठले झण्डै २ अर्व रुपैयाँ मुनाफ गरिसक्दा समेत केवलकारलाई व्यापारीक वर्गमा लैजना चाहेक छैनन् ।

नेपाल विद्युत प्राधिकरणका भ्रष्ट कर्मचारीहरूको मिलेमतोमा यातायात वर्गमा राखिएको मनोकामना केवलकारलाई व्यापारीक क्षेत्रमा राखी सोही अनुसारको विद्युत महसुल असुलउपर गर्न पाउनु पर्ने माग भन्दै अहिले विद्युत प्राधिकरणले प्रक्रिया अगाडि बढाएपनि लक्ष्मणबाबु श्रेष्ठको दबाबमा पुनरावेदन अदालत मकवानपुरले पहिलाकै दररेटमा रकम असुलउपर गर्नु भन्ने आदेश नेपाल विद्युत प्राधिकरणलाई दिएपछि विद्युत

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – अभियानवाणी

अभियान साप्ताहिक

सम्पादकीय

# संविधान निर्माण २० प्रतिशत मात्र

*२०६७ साल जेष्ठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि एक वर्षसम्म लम्बाइएपछि मुलुक समस्यै समस्याले थप आक्रान्त भएको छ । संविधानसभामा उपस्थित भएको २७ दलहरु मध्येका तीन ठूला दलहरु एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमालेको गैरराजनैतिक चरित्र र हैकमवादी प्रवृतिकै कारण मुलुक थप संकटमा फसेको छ । संधिवानसभाले आफूले पाएको समयसीमा भित्र संविधान निर्माण गर्न नसेपछि मृत्यु शैयामा पुगेको संविधानसभालाई विघटन गरेर ताजा जनादेश लिने निर्णय गरेको भए त्यतिबेला सबै समस्याहरु सकिने भएपनि दलहरुको अकमर्ण्यता र नालायकीपनले गर्दा उनीहरु संविधानसभा विघटन गर्नुको सट्टा संविधानसभाको पदावधि लम्बाउन पुगेका थिए । थपिएको एक वर्षको पाँच महिनाभित्रमा संविधान निर्माणको कार्यमा संविधानसभाले एक शब्दसम्म लेख्न सकेको छैन । त्यतिमात्र नभएर २०६७ साल श्रावणदेखि संविधानसभाको बैठक बस्न नसकेको हुनाले अब तोकिएको समयमा संविधान बन्न सक्ने कुनै पनि सम्भावना छैन ।*

*राजनैतिक दलहरुले डंक पिट्ने गरेका छन्, सबै समस्याको समाधान गर्ने थलो संविधानसभा नै हो । तर झण्डै चार महिनादेखि संविधानसभाको बैठक बस्न नसकेको अवस्थामा त्यस्तो सभाले अब समस्याका समाधान गर्दछ भने विश्वास कसरी गर्ने ? संविधानसभालाई बाइपास गरेर राजनैतिक दलहरु अहिले कुनै अँध्यारो कोठाबाट राजनैतिक समस्या समाधान गर्ने प्रयासमा लगेका छन् । त्यसका लागि दलहरुले एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको अध्यक्षतामा एक कार्यदलसमेत बनाएका छन् । उक्त कार्यदललाई संविधानसभा अन्तर्गत रहेका एघारवटा समिति मध्येका आठवटा समितिले तयार पारेका प्रारम्भिक प्रतिवेदनमा उत्पन्न भएका विवादका मुद्दाहरुलाई सुल्झाउने जिम्मेवारी दिइएपनि उक्त कार्यदलले समेत उक्त विवादीत विषयका मुद्दाहरु सुल्झाउन सक्ने अवस्था छैन् । विभिन्न समितिहरुले २ सय २० वटा विवादका मुद्दाहरु उठाएका भएपनि अहिलेसम्म केही साना मसिना कुराहरुमा मात्र कार्यदल प्रवेश गरेको र ति विवादका विषयहरुमा मात्र सहमति गर्न सफल भएपछि फेरी विवादीत विषयहरु संविधानसभामै प्रस्तुत हुन सक्ने प्रवल सम्भावना रहेको छ । संधिवानसभालाई उपेक्षा गरेर भूमिगत गिरोहको शैलिमा गठन भएको दाहाल कार्यदलले विवादका मुद्दाहरु समाधान गरेपनि त्यसलाई संविधानसभामा कसरी प्रवेश गराउने भन्ने अर्को जटिल प्रश्न खडा भएको छ ।*

*संविधानभसा र त्यस अन्तर्गत रहेका समितिहरुमा उक्त विवादीत मुद्दाहरुको समाधान खोजिनुको सट्टा केही दलहरुको लहडमा कहिले, समिति, कहिले आयोग त कहिले कार्यदल नामक नाटक मञ्चन गरेर राजनैतिक दलहरुले संविधान, ऐन र कानूनको ठाडो अपमान गरेका छन् । नेपालको अन्तरिम संविधानमै ब्यवस्था भएका विषयहरुलाई समेत लागु गराउन र त्यहाँ उल्लेख भएका कुराहरु पुरा गर्न सरकार र दलहरु असक्षम सावित भएको बेला कसैलाई खुशी पार्नको लागि गठन भएको कार्यदलले समस्याको समाधान गर्दछ भने विश्वास स्वयं दलहरुलाई नै छैन । कार्यदलका संयोजक रहेका पुष्पकमल दाहालको पार्टीका वरिष्ठ नेताहरु नै अहिले कार्यदलले समस्या समाधान गर्नुको सट्टा समस्या बल्झाएको डंक पिट्नु थालेकाहुनाले कार्यदलले समस्याको समाधान गर्दछ भन्ने विश्वास कसैमा रहेन ।*

*दाहाल कार्यदलले समेत समस्याको समाधान गर्न नसकेपछि सबै समस्याहरुलाई जस्ताको तस्तै तुरून्तै संविधानसभा मै फर्काइने सम्भावना बढेर गएको छ । कुनै समयमा संविधान निर्माणको कार्य ८० प्रतिशत सकिएको डंक स्वयं सभाध्यक्ष सुभाष नेम्वाङले पिट्ने गरेका थिए । तर आज उनी सुतुरमुंग्रो जस्तो भएका छन् । ८० प्रतिशत संविधान निर्माणको कर्या सकिएको भए, किन यत्रो विवाद । संविधान निर्माणको महत्वपूर्ण आधार, शासकीय स्वरूप, न्यायप्रणाली, आर्थिक स्रोतको बाँडफाँड प्रदेशको विभाजन, राष्ट्रपतीय पद्दति की प्रधानमन्त्रीय पद्दति, संसद कतिवटा रहनेलगायत कतिपय महत्वपूर्ण मुद्दाहरुमा बहस छलफलै हुन बाँकी रहेको र अहिले दलहरु उक्त मुद्दाम आ-आफ्नै अडानमा दृढ रहेको हुनाले तत्कालै ति विषयहरुमा एकमत हुन सक्ने अवस्था नभएको हुनाले, संविधान निर्माणको कार्य ८० प्रतिशत सकिएको नभएर ८० प्रतिशत बाँकी रहेको प्रमाणीत भएको छ ।*

*संविधान निर्माणको लागि संसदमा दुई तिहाई मतको आवश्यकता पर्दछ । संविधानका प्रत्येक धारा, उपधारा, दफा, उपदफाहरु सबै पारित हुनका लागि दुई तिहाई मतको आवश्यकता पर्ने भएपनि दलहरु त्यसरी दुईतिहाइ मत पुऱ्याउने भन्दा संविधानमा आ-आफ्ना कुराहरु कसरी समावेश गर्ने भने कुरामा अडिग रहेका हुनाले तोकिएको समय २०६८ साल जेठ १४ गते भित्रमा संविधान निर्माण हुन नसक्ने प्रायः निश्चित रहेको हुनाले त्यसबाट उत्पन्न हुने सबै समस्याहरुको जिम्मेवार यिनै तीन ठूला दलहरु नै हुनुपर्छ भन्ने हामीले ठानेका छौं । संविधानको नाम के राख्ने भन्ने विषयमै एक मत हुन नसक्ने दलहरु संविधान निर्माण गर्न एकमत हुन्छन भन्ने विश्वास जनतालाई किमार्थ नभएको हुनाले अबपनि दलहरुले त्यसतर्फ ध्यान नदिएको खण्डमा दलका शीष नेताहरुको धोती न टोपी हुने प्रायः निश्चित रहेको हामीले महसूस गरेका छौं ।*

# दाहाल कार्यदल गफ गर्ने अखडा

**देबेन्द्र चुडाल**

दुई वर्षसम्म आन्तरिक संघर्षमा विताएका राजनीतिक दलहरुले एक अर्का आरोप प्रत्यारोप लगाउँदै संविधानसभालाई निष्प्रभावी बनाएपछि संविधानसभाले २०६७ साल जेठ १४ गतेभित्रमा संविधान निर्माण गर्न नसकेपछि जनताको म्याण्डेटलाई उल्लंघन गर्दै मृत अवस्थामा पुगेको संविधानसभाको पदावधि एक वर्षका लागि थपियो । संविधान, ऐन-कानूनको उल्लंघन गर्दै मध्यरातमा २०६७ साल जेठ १४ गते संविधानसभाको पदावधि थपिएपछि मुलुकमा एकपछि अर्को समस्याहरू थपिंदै गए । त्यसैको फलस्वरुप अहिले मुलुक सरकारबिहीन अवस्थामा मात्र पुगेको छैन, विकास-निर्माणका सबै कार्यहरू ठप्प भएका छन् । राजनैतिक दलहरू प्रति एक-अर्कामा आशंका बढेको छ । एउटा राजनैतिक दलले अर्को दललाई विश्वास गर्नसक्ने अवस्था विस्तारै गुम्दै गएको छ । संविधानसभाको पदावधि थपिएको एक वर्षको समयको पाँच महिना पनि दलहरूले आन्तरिक द्वन्दमै बिताएका छन् । यसरी मुलुकलाई असफल राष्ट्र बनाउन दलहरू नै सक्रिय भएका बेला तिनै दलहरूले संविधानसभालाई ठाडो अपमान गर्दै, संविधानसभाबाहिरबाट संविधानसभामा उत्पन्न भएका समस्याहरूको समाधान गर्न भनेर एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा एक कार्यदल बनाए पनि उक्त कार्यदलले समेत कुनै ठोस् निष्कर्ष निकाल्न सक्ने अवस्था छैन ।

सबै समस्याहरूको समाधान गर्ने थलो संविधानसभालाई बनाउनुपर्नेमा संविधानसभालाई थाहै नदिई कुनै अँध्यारो कोठामा बसेर कार्यदल बनाइनु भूमिगत गिरोहको कामजस्तोमात्र हो । वैधानिक बाटो हुँदा-हुँदै किन र के का लागि दलहरूले असंवैधानिक र भूमिगत बाटो अपनाए ? त्यसको जानकारी संविधानसभाले खोज्नै पर्दछ । जनताका प्रतिनिधिहरूलाई समेत थाहा नदिएर दलहरूले निर्माण गरेको दाहाल कार्यदल एकप्रकारको भूमिगत गिरोह नै हो । हरेक प्रजातान्त्रिक व्यवस्थामा गरिने सबै क्रियाकलापहरू पारदर्शी र खुल्ला हुन्छन् । तर, केही दलहरूका स्वघोषित शीर्षनेताहरू बसेर गठन गरिएको दाहाल कार्यदलले कुनै त्यस्तो पारदर्शीता अपनाएको देखिएन । संविधानसभाअन्तर्गत विभिन्न समितिहरू सक्रिय छन् । तिनै समितिमार्फत् समस्याको समाधान गर्नुपर्नेमा राजनैतिक दलहरूको पार्टीगत स्वार्थ र दलका केही महत्वाकांक्षी व्यक्तिहरूका कारणले गर्दा पूरै संविधानसभा र उसअन्तर्गतका समितिहरूलाई अपमान गर्दै अँध्यारो कोठामा बसेर गरिएका निर्णयहरूलाई संविधानसभाको बैठकमा प्रवेश गराएर त्यहाँ पास गराउन खोज्नु भनेको सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ठाडो अपमान हो । संविधानसभाअन्तर्गत रहेका विभिन्न एघार समितिमध्येका आठवटा समितिका प्रारम्भीक प्रतिवेदनहरू नै तयार हुन सकेका छैनन् । समितिहरूमा समेत दलगत स्वार्थ हावी भएपछि समितिहरूले कुनै ठोस् निर्णय गर्न नसकेका हुनाले झण्डै २२० वटा समस्या उत्पन्न भएका छन् । अहिले तिनै समस्याहरूलाई निराकरण गर्न भनेर माओवादीका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा नेपाली कांग्रेस, नेकपा एमालेसहितका शीर्ष नेताहरूको सहभागितामा गठन भएको दाहाल कार्यदलले समेत ठोस् निर्णय निकाल्न सक्ने कुरामा विश्वास गर्न सकिने कुनै गतिला आधारहरू देखा परेका छैनन् ।

संविधानसभाका अध्यक्षलगायत दलका नेताहरूले २०६७ साल जेठ १४ गतेअघि संविधान निर्माणको कार्य ८० प्रतिशत सकिएको उद्घोष गर्ने गरेका थिए । तर, अहिले हेर्दा लाग्छ, साना-तिना, झिना-मसिना कुराहरूमा सहमति गरेर ठूला-ठूला समस्याहरूलाई थाँती राखिएको रहेछ । जस्तै- शासकीय स्वरुप, न्यायालय, राष्ट्रपतीय पद्दति कि प्रधानमन्त्रीय पद्दति, प्रदेशको विभाजन, कति प्रदेशमा बनाउने, स्रोतको बाँड्फाँड कसरी गर्ने, सर्वोच्च अदालतका न्यायाधीशहरू कसरी नियुक्ति र बर्खास्त हुनेजस्ता महत्वपूर्ण कुराहरूमा आजसम्म सहमति हुन सकेको छैन । यसरी सभामुखलगायत अन्य नेताहरूले जनतालाई सीधै ढाँटेर कसको स्वार्थपूर्ति गर्न खोजेका थिए ? किन उनीहरू अहिले नयाँ संविधान निर्माणका लागि समस्यै-समस्या देखिरहेका छन् ? यी सबै कारणहरूले गर्दा संविधानसभालाई पङ्गु बनाएर आफूखुशी संविधान बनाउन दलहरू नै सक्रिय भएका हुन् कि भन्ने आशंकासमेत उब्जिएको छ । संविधानसभाको चुनाव सम्पन्न गराउनुअगाडि दलहरूले उत्पन्न गराएका सबै समस्याहरूलाई थाँती राखेर संविधानसभाको चुनाव सम्पन्न गराइएको कुरा नै अहिलेको समस्याको जड हो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको व्यक्तिगत महत्वाकांक्षा र पार्टीगत स्वार्थले गर्दा मुलुक अहिलेको जस्तो संकटपूर्ण अवस्थामा पुगेको सबैले स्वीकार गर्नैं पर्दछ । सत्य वास्तविकतालाई ढिलै भए पनि स्वीकार गरी आफ्नो गल्ती स्वीकार गर्नु पुष्पकमल दाहालका लागि उपयुक्त विकल्पसमेत हुनसक्छ ।

संविधानसभाले तोकिएको समयमा संविधान निर्माण गर्न असक्षम भएपछि संविधानसभाको पदावधि एक वर्ष थप्न तीन दलबीच गरिएको सहमतिको मसी सुक्न नपाउँदै उल्लंघनको कार्य शुरु भयो । माधव नेपाल नेतृत्वको सरकारलाई नै सबै समस्याको जड देख्ने माओवादीको नेतृत्व र नेकपा एमालेको नेतृत्वले माधव नेपालले राजीनामा दिएको झण्डै चार महिना बितिसक्दा पनि न त बहुमतीय सरकार नै निर्माण गर्नसके, न त सहमतीय नै । माधव नेपालले राजनीनामा दिएको दुई-चार घण्टामा सबै समस्याको समाधान हुन्छ भन्ने पुष्पकमल दाहाल र झलनाथ एण्ड कम्पनीहरूका आवाज आज कहाँ हराए, के उनीहरूले यसरी जनतालाई ढाँट्न पाउँछन्, जनतालाई ढाँट्न पाउने अधिकार दलका नेताहरूलाई संविधानको कुन धारा, उपधारा, दफा र उपदफाले दिएको छ ? त्यो जनतालाई अविलम्व जानकारी गराउनु पर्दछ । प्रजातान्त्रिक व्यवस्थामा दलहरूका लागि जनता नै न्यायाधीश हुन्, तिनै न्यायाधीशलाई ढाँटेर राजनैतिक दलहरूले कसमाथि शासन गर्न खोजिरहेका छन् ? त्यो रहस्यको विषय बनेको छ । अहिलेको कलियुग र २१ औं शताब्दीमा जनतालाई ढाँटेर कुनै पनि राजनैतिक दल र तिनका नेताहरूको फलिफाप हुन सक्दैन भन्ने प्रमाण त नेपालका राजनैतिक दलका नेताहरूको उचाइबाटै प्रष्ट भएको छ । कुनै समयमा पुष्पकमल दाहालको नाम सुन्नेवित्तिकै तर्सने नेपाली जनता आज तिनै दाहाललाई भट्टी पसल-पसलमा उडाइरहेका छन् । जँड्याहाहरूले समेत प्रचण्डको जस्तो कुरा नगर भन्न थालेका छन् । यसले गर्दा नेताहरूको उचाई घट्यो कि बढ्यो ? यी सबै तथ्यहरूलाई केलाएर हेर्ने हो भने राजनैतिक दलका नेताहरूको व्यवहार नसुध्रिएको अवस्थामा अबको एक-डेढ वर्षभित्रैमा सबै नेताहरू भट्टी पसलका चर्चाका पात्रमा परिणत हुनेछन् ।

अहिले मुलुकलाई समस्या नै समस्याले गाँजेको छ । ती समस्याहरू जनताले ल्याएका नभएर यिनै नेताहरूले ल्याएका हुन् । त्यसको प्रत्यक्ष प्रमाण हो, पुष्पकमल दाहाल नेतृत्वको कार्यदल । जनताले संविधान निर्माण गरी दुई वर्षभित्रमा लागू गर्ने म्याण्डेट दिएर पठाएका व्यक्तिहरू संविधान निर्माणमा भन्दा सरकार निर्माण र गिराउनै व्यस्त रहे, अनि जनताको नजरमा छारो हाल्नका लागि अनेकप्रकारका समिति, आयोग, कार्यदल गर्दै गरीब नेपाली जनताले तिरेको करमाथि ब्रम्हलुटमात्र गरिरहे । अहिले पनि त्यही ब्रम्हलुट मच्चाउनका लागि दाहाल कार्यदल नामक गिरोह गठन गरिएको छ, त्यसले कुनै हालतमा पनि समस्याको समाधान गर्न सक्दैन । पार्टीगत स्वार्थलाई जबसम्म दलहरूले छाड्न सक्दैनन्, तबसम्म संविधान निर्माण हुनसक्ने आधारस्तम्भहरू नै खडा हुनसक्ने सम्भावना छैन । दाहाल कार्यदलले पनि तिन ठूला दलको मात्र स्वार्थ हेरेर अन्य दलहरूलाई अवमूल्यन गर्न थालेको छ । कार्यदललाई दिएको समयसीमामा उसले एउटा समितिका मात्र साना-तिना केही विवाद समाधान गरी मूल विषयमा प्रवेश नै गर्न सकेको छैन । यसरी उसले विवाद समाधान गर्न नसकेपछि फेरि सबै विवादित मुद्दाहरूमा बहुमतको आधार अपनाएर विवाद समाधान गर्न खोजिए त्यो मुलुककै लागि दुर्भाग्य सावित हुनेछ । संविधान निर्माणका लागि दुईतिहाई बहुमतको आवश्यकता पर्ने संविधानका प्रत्येक धारा, उपधारा, दफा, उपदफाहरू दुईतिहाइले पारित गर्नुपर्ने संवैधानिक व्यवस्थालाई तिन दलहरूले उनीहरूको सहमतिमा सामान्य बहुमतको आधारमा पारित हुनुपर्ने गरी संविधान नै संशोधन गर्नसक्ने भएको हुनाले त्यसतर्फ सबै नेपाली जनता सजग हुनु नै अहिलेको पहिलो आवश्यकता हो ।

# बुद्ध जन्मन्छन कि जंगबहादुर ?

रणबहादुर शाहका हत्यारा शेरबहादुरलाई घटनास्थलमै मारेर बालनर्सिङ्ग कुवरका छोरा १९०३ साल असोज १ गते कोतपर्वमा ६० जनाको लाशमा टेकेर सत्ताको शिखरमा पुग्न सफल भए, तिनै हुन् जङ्गबहादुर । इष्ट इण्डिया कम्पनीले उठाएको व्यक्ति थिए जङ्गबहादुर, जसले १०३ वर्षसम्म लोकतान्त्रिक नेपालको सूर्योदय हुन दिएन ।

कोतपर्व नेपालमा लोकपर्वको रुपमा दोहोरिएको छ । लोकपर्व यति महँगो भयो कि १७ हजारभन्दा बढी मानिसको ज्यान लिएर आएको लोकतन्त्रको निधारमासमेत सयौं व्यक्ति हत्याको कालो दाग लागिसकेको छ । रक्तपात कोतपर्वजस्तो हत्या रोकिएको छैन ।

नेपालको लुम्बिनीमा जन्मेका बुद्ध भारतको कुशीनगरमा बितेको हजारौं वर्ष भए पनि उनको पुनर्जन्म हुनसकेको छैन । नेपाल बुद्ध र जङ्गबहादुर दुबैको देश भएकाले यो देशमा कि वुद्ध जन्मन्छ कि जङ्गबहादुर ? भन्ने राजनीतिक बिवाद नेपालको संक्रमणकालले झन चर्काएको छ । इटलीको काभुरको अपेक्षा गर्ने जनमानसले लोकबारीको शिलान्यासकर्ताहरूको मुहारमा बुद्धको छायाँ पटक्कै देख्न सकेका छैनन् । जनता बुद्धको खोजीमा छन्, शान्ति दिन प्रतिवद्ध राजनीति जङ्गबहादुर जन्माउन आतूर छन् । भनिन्छ, निष्ठा नभएको नेता 'स्टेट्सम्यान' हुन सक्दैन, नैतिकता नभएको व्यक्ति असल नागरिक बन्न सक्दैन । देश राजनेताको खोजीमा छ । जनता शान्तिको शालिग्राम भेटिने आशामा राजनीतिको कालीगण्डकीको किनार कुरिरहेका छन् । अग्लो धरहराबाट शान्तिको बिगूल बज्ला र सुन्न पाइएला भन्ने जनताको कानमा जनताकै चित्कारमात्र ठोक्किरहेको छ । नेतागण न सच्चिएका छन्, न राजनीतिमा सुद्धीकरण नै भएको छ । सिंहदरवारभित्र नागमणि छ, कसले त्यो मणि हत्याउने भनेर उनीहरूबीच भाले भिडन्त जारी छ । समयचक्रले मित्र र दुश्मनको भेद छुट्याउन छाडेको छ । सबै निर्णयहरू दिल्लीको आकाशवाणीले तय गर्छ । भनिन्छ, विहानले दिनको मौसमको अनुमान दिन्छ । नेपालजस्तो सानो देशको ६०१ जनाको अजङ्को संविधानसभाले देश र जनताका सवालहरूमा चासो नै देखाएन । हिंसाको आकाशबाट कालो बादल फाटेको छैन । अन्यौल र अराजकता झन-झन फैलिदै गएको छ । ६०१ को भीड जनप्रतिनिधि हुन् कि भेडाबथान ? छुट्टिन मुस्किल छ ।

नेताहरू जङ्गबहादुरझैं गर्जिरहेका छन् । तिनै नेतागण बसेको संविधानसभा कसरी बुद्धमार्गमा लाग्नसक्छ ? संविधान निर्माण परिनिर्वाणा हो, परिनिर्वाणाका लागि ठूलै परित्यागको आत्मबल आवश्यक पर्छ । आत्मबलको अभावले यो यात्रा कठिन बन्न पुगेको छ । असामाजिक तत्व, हिंसा र हत्याका कारक, उत्पादक र उत्पादनहरूसमेत संविधानसभामा पुगेका छन् । बुद्धले मान्छेको दु:खमा शान्ति खोजे, यिनीहरू उन्मादी बनेका छन् । उन्मादीले बुद्धत्व प्राप्त गर्न सक्दैन । पार्टीको झण्डा शरीरमा लपेट्यो कि पञ्च खत माफी हुने परम्परा जवसम्म राजनीतिलाई ग्राह्य हुनेछ, तवसम्म यो संसद टुकुचाजस्तो गनाईरहने छ ।

यो लोकतन्त्रमा लोक कति सार्वभौम भए कसले कसरी छुट्याउने ? किनभने राज्यका कुनै पनि अङ्गहरू बिधिसम्मत चलेका छैनन् । आफ्ना मान्यताहरू लोकको खप्परमा बजार्ने परम्परा स्थापित भएको छ । दण्डहीनता लोकतन्त्रको बिशेषता बनेको छ । झ्यालढोकामा लोकतन्त्र लेखेको पर्दा हाल्दैमा वा आँखामा लोकतान्त्रिक चस्मा लगाउँदैमा लोकतान्त्र सुन्दर हुने होइन रहेछ । लोकतन्त्र जङ्गिदैछ, जङ्गेतन्त्रका रुपमा ।

**दृष्टिकोण** **राजन कार्की**

**'प्लान्टेड' नेता नेता होइनन्, हतियार हुन् । नेपालीत्वमा गौरवका साथ उभिने व्यक्ति नेता बन्न सक्छ । लेण्डुप पनि नेता थिए, मिर्जाफर र क्वीजलिंग पनि नेता थिए तर तिनीहरू जननेता बन्न सकेनन् । इतिहासमा तिनीहरू आदर्श पुरूष होइनन् । ती राष्ट्रघाती नेता बन्न पुगे । बाह्य समर्थन खोज्ने नेता 'स्टुज' हुन्छ, लोकतन्त्रको बुर्का लगाएर दुवै हात विदेशतिर फैलाउने मॉग्ने । यस्तो संस्कार बोकेका व्यक्ति बुद्ध होइन जंगवहादुर पनि बन्न सक्दैनन् ।**

१७४० मा एउटा हातमा तराजु र एउटा हातमा बाइबल च्यापेर भारत पसेको अंग्रेजले १९४७ सम्म 'हुकुमत' चलायो । भारतलाई गुलाम बनायो । पृथ्वीनारायण शाह नेपाल निर्माण क्रममा थिए । पृथ्वीनारायण शाहको आक्रमणको भनक पाएका कान्तिपुरका राजा जयप्रकाश मल्लले कलकत्ता पुगेर अंग्रेजसँग सैनिक सहायता मागे । १७६७ मा जयप्रकाशलाई मद्दत गर्न आएको अंग्रेज शासनको भारतीय फौजलाई पृथ्वीनारायण शाहले सिन्धुलीगढीबाट पस्नै दिएनन् । घमासान युद्ध भयो । २४ सय अंग्रेजको फौजमध्ये १६ सय मारिए, बाँकी भारततिरै भागे । अंग्रेजको मनमा दबेर रहेको त्यो रिस अंग्रेजले १८१४-१८१६ को युद्धमा नेपाली फौजलाई पिउने पानी रोकेर फेऱ्यो र सुगौली सन्धि गर्न बाध्य पाऱ्यो । बाँकी रहलपहल रिस २०६४ साल जेठ १५ गते राजतन्त्र समाप्त पार्न सघाएर फेरेको छ ।

राजतन्त्र हट्यो कि लोकतन्त्रको सुखद सूर्योदय हुन्छ भनेर गुड्डी हाँक्नेहरू यतिखेर सन्निवातको रोगी बनेका छन् । राजतन्त्र हट्यो, हटाइयो । राजतन्त्र हट्दैमा बिहानी आउन सकेन । भनिन्छ, रातको गर्भबाटै दिन उदाउँछ । राष्ट्रका सन्दर्भमा भन्नुपर्दा लोकतन्त्रको भाले बास्यो तर लोकनायकहरूले उज्यालोलाई पनि छेक्ने हदसम्मको राजनीतिक अपराधलाई उत्साहित पारेकाले लोकोदयका रुपमा उज्यालो बिहानी आएन ।

दक्षिणी राज्य भारतको इतिहास हेर्ने हो भने भारत अंग्रेजको अधीनबाट मुक्त हुनका लागि ठूलो आन्दोलनमा होमिएको थियो । महात्मा गान्धीले टाई र सूटलाई मिल्काएर खादीको लगौंटी कसेर अहिंसात्मक आन्दोलनमा निस्केपछि कहिल्यै सूर्य नअस्ताउने बृटेन राज्यको सूर्य भारतबाट अस्तायो । यो सन १९४७ अगस्त १५ को घटना हो ।

नेपाल कहिल्यै परतन्त्रको चङ्गूलमा फसेन । सँधै स्वतन्त्र नेपाल त्यसपछि भारतको चक्रव्यूहमा फस्यो, भारतले सिर्जना गरेको नागपासमा अठ्ठिदै र जकडिदै गयो । लोकतान्त्रिक नेपाल भारतको ऐंठनमा छ । नेपालको सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिकलगायतका हरेक क्षेत्रमा यति डरलाग्दो भारतीय दबदबा बढ्दै गएको छ कि नेपाल स्वतन्त्र राज्य हो भन्न सकिने अवस्थासमेत साँघुरिएको छ । विदेशी मित्र देशहरूसमेत नेपाललाई भारतको दृष्टिबाट हेर्न थालेका छन् । क्रान्ति र जनआन्दोलनका डङ्का पिट्नेहरू यस्ता परिदृश्यबाट कुनै हीनताबोध गर्दैनन् । 'अब बुद्ध कि जंगबहादुर जन्मन्छ' भन्ने सवाल उठाउँछन् । यो सवालको जवाफमा जङ्गबहादुरको भूतले टाउको उठाउन थालेको देख्ने जनता अत्तालिएको मनस्थितिमा पुगेका छन् । चुनाव जितेर नेता बनेको आत्मरती गर्नेहरू बुझ्दैनन्- चुनाव त नैतिकपतित, डाँका, लुटेरा र हत्याराले पनि जितेका छन् । नेता हुन माटोप्रति प्रतिवद्ध व्यवहार चाहिन्छ । बुद्ध र जंगबहादुरको प्रसङ्ग कोट्याउनेहरू विस्तारवादको गंगामा 'हर हर गंगे' भनेर मुख धोइरहेका देखिन्छन् । यस्ता नेताहरू कसरी बुद्ध बन्लान् ?

'प्लान्टेड' नेता नेता होइनन्, हतियार हुन् । नेपालीत्वमा गौरवका साथ उभिने व्यक्ति नेता बन्न सक्छ । लेण्डुप पनि नेता थिए, मिर्जाफर र क्वीजलिंग पनि नेता थिए तर तिनीहरू जननेता बन्न सकेनन् । इतिहासमा तिनीहरू आदर्श पुरुष होइनन् । ती राष्ट्रघाती नेता बन्न पुगे । बाह्य समर्थन खोज्ने नेता 'स्टुज' हुन्छ, लोकतन्त्रको बुर्का लगाएर दुवै हात विदेशतिर फैलाउने माँग्ने । यस्तो संस्कार बोकेका व्यक्ति बुद्ध होइन जंगवहादुर पनि बन्न सक्दैनन् ।

बुद्ध त्याग र बलिदानको नाम हो । मानवकल्याण र समाजसेवाको नाम हो । यिनलाई नेपालको लुम्बिनी थाहा छैन, फरिद जकारियाको 'बुद्ध भारतीय हुन्' भन्ने झूठ थाहा छ । यिनलाई लुम्बिनी बगैंचा र बोधगया थाहा छ, न बोधीज्ञान । कुशीनगर र महापरिनिर्वाण- यिनका लागि पहेली हो । यिनको तीर्थ बिदेश र बरदान सिंहदरवार हो । यस्तो प्रवृत्तिले राष्ट्रवादमा चर पर्दै गएको छ । कुनै पनि बौद्धिक विशेषता नभएका नेता बुद्ध बन्न सक्दैनन्, शोषणको आधारमा राजनीति गर्नमात्र सक्छन् । शोषणको अर्को नाम जंगबहादुर हो ।

इतिहासमा एउटा संकमणको मुकाविला भारतकी ख्यातिप्राप्त नेतृ इन्दिरा गान्धीले पनि गरेकी थिइन् । उनले आदरणीय सर्वोदय नेता जयप्रकाश नारायणमाथि इमर्जेन्सी कालमा लाठी नै बर्साइन् । बिनासकाले बिपरित बुद्धी भनेझैं 'सत्ताले मान्छेलाई सँधै भ्रष्ट बनाउँछ' भन्ने जयप्रकाश नारायणजस्ता नेतामाथि अत्याचार गरिन् । यो घटना जनतालाई पाच्य भएन र गान्धीलाई सत्ताबाट च्यूत पारिदिए । सत्तामा पुग्नेहरूले यस्ता उदाहरणलाई बिर्सने गर्छन् ।

जिसस काइस्टसँगै सूलीमा झुण्ड्याउन उनका थुप्रै सहयोगीहरूलाई पनि लगिएको थियो । काइस्टलाई अन्तिम इच्छा सोधियो । काइस्टले भने : यी सबैलाई छोडिदेउ, यी माफीका लायक छन् । उनको इच्छाअनुसार सबैलाई छाडियो । छाड्ने बित्तिकै काइस्टका सबै सहयोगीहरू पछाडि नहेरी कुलेलम ठोके । यो देखेर क्राइस्ट मुसुक्क मुस्कुराए । काइस्टलाई किला ठोकेर मारियो । आस्था र विश्वासमा बाँध्न सक्नुपर्छ जनतालाई । सत्ताका वरिपरि चलखेल गर्ने हुटट्याउँहरू सँधै हुन्छन् । ज्ञान र योग्यता नभएका व्यक्तिहरूका लागि राष्ट्रको गजूर केही किलो सूनमात्र हो । राष्ट्रिय झण्डा दुई मिटर लुगाको धरोमात्र हो ।

नेताहरू जङ्बहादुर बन्ने प्रतिस्पर्धा गरिरहेका छन् । जनता बुद्धको पदार्पणको प्रतिक्षामा छन् । बुद्ध जन्मिन्छ कि जङ्गबहादुर ? देश दोसाँधमा छ ।

# मलेसियामा वन्यजन्तु...

तस्करका विरुद्ध प्रयोग गर्न सकिनेछ । विगतमा उनीहरू थोरै जरिवाना र जेल सजाय काटेर मुक्त हुने गर्दथे," वन्यजन्तुको व्यापार अनुगमन सञ्जाल ट्राफिक दक्षिण-पूर्व एसियाका क्षेत्रीय निर्देशक विलियम साएड्लाले बताए ।

वन्यजन्तु संरक्षण विधेयकप्रति मलेसियालीको व्यापक समर्थन रहेको छ र धेरैले सांसदहरूलाई चिठी लेखेर जुलाई र अगष्टमा भएका संसदीय बहसमा समर्थन जनाउन आग्रह गरेका थिए । सन् २००९ मा हजारौंले एउटा आग्रहपत्रमा हस्ताक्षर गरी मुलुकको वन्यजन्तुको राम्रो संरक्षण गर्न आग्रह समेत गरेका थिए ।

"नयाँ कानुनले मलेसियालाई एउटा नयाँ औजार प्रदान गरेको छ र यो चुनौतीलाई सामना गर्न मलेसिया गम्भीर छ भन्ने सन्देश समेत प्रवाहित भएको छ," साएड्लाले भने । "त्यसर्थ हामीले नयाँ कानुनबाट वन्यजन्तु अपराधमा संलग्नमाथि सम्पूर्णरूपमा केही गर्न सरकार तयार छ भन्ने देखाउँछ र यस्ता अपराधीलाई अदालतमा उभ्याइने आशा गर्न सकिन्छ ।" तैपनि, केही व्यक्तिले राजनीतिक यथार्थताले पनि मलेसियामा नयाँ कानुनको कार्यान्वयनमा कमजोरी हुनसक्ने भन्दै चिन्ता जनाएका छन् । पछिल्लो समयमा वन्यजन्तुको तस्करी गर्ने कहलिएका आनसोन वोङ अगष्ट १८ मा क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलमा जाकार्ता उड्नै लाग्दा पक्राउ परेको घटनालाई लिन सकिन्छ ।

विश्वमै जीवजन्तुको तस्करी गर्ने सबैभन्दा ठूलो डिलर मानिएका वोङलाई ९५ वटा अजिङ्गरको गैरकानुनी निर्यात गरेको आरोपमा दोषी ठहऱ्याइयो तर उनलाई ६ महिनाको मात्र जेल सजाय तोक्नुका साथै ६० हजार अमेरिकी डलर जरिवाना गरियो । अन्तर्राष्ट्रिय जगतबाट संरक्षणवादीले आवाज उठाएपछि सरकारी वकिलहरूले यस आदेशमा पुनर्विचार गर्न र बढी जरिवाना गर्न अपिल गरेका छन् ।

मलेसियाली जीवजन्तु अधिकार समाजका अध्यक्ष सुरेन्द्रन नागराजनले "हाम्रो मुलुकको ठूलो सङ्कोच" भनेकै ज्यादै हल्का सजाय भनेका छन् । "मलेसियाले पेनाङलाई आधारभूमिको रूपमा प्रयोग गर्न वोङलाई अनुमति दिएको छ र प्रहरी तथा मलेसियाको भ्रष्टाचार निवारण आयोगमा उजुरी गरे पनि कुनै सुनुवाई भएन," वकिल समेत रहेका नागराजनले एक अन्तर्वार्तामा बताएका छन् ।

# Peace and Conflicts in South Asia

It is indeed a privilege and an honour for me to address this exclusive gathering of Nepalese media representatives, intellectuals and thinkers. I welcome you all to the Embassy of Pakistan.

Today, I will share a few thoughts with you about Peace and Conflicts in South Asia. But before we proceed to discuss the conflicts in our region, let us see what is meant by peace and what is the concept of peace and war in religion especially religions prevalent in South Asia.

The word 'peace' is derived from the Latin word 'pax' and it literally means a pact, a contract or an agreement to end a war or any dispute or conflict between two people, two nations or two groups of people. Hence a situation or a period of time in which there is no war or violence in a country or an area is peace.

All religions of the world teach and preach peace - be it Hinduism, Buddhism, Judaism, Christianity, Islam, Sikhism or any other religion. Although most of them do allow Just Wars but with certain conditions. No religion can permit you to kill the innocent, women and children.

However, unfortunately religions have been widely misinterpreted and a large number of militant organizations exist in the name of various religions throughout the world. Moreover, injustice, oppression, deprivation and poverty serve as root causes of violence. At national and international levels, it is clash of interests that leads to conflicts. The pursuit of domination or hegemony by a state in a region is often responsible for regional conflicts.

